# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission, Nepal
केन्द्रिय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


**राष्ट्रिय मानवअधिकार आयोग नेपाल र मानवअधिकार आयोग मलेसिया (सुहाकाम)बीच समझदारीपत्र**

**जानकारीपत्र**

काठमाडौंमा वि.सं. २०७६ कार्तिक २६ देखि २८ गते राष्ट्रिय मानवअधिकार आयोग नेपालको आयोजनामा सम्पन्न आप्रवासी श्रमिकहरूको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले काठमाडौं घोषणापत्र, २०७६ का रुपमा प्रतिफल दस्तावेज जारी गरेको छ। सम्मेलनमा आप्रवासी श्रमिकहरूको अधिकार संरक्षणका लागि आप्रवासन प्रक्रियाको सबै चरणहरूमा विद्यमान विभिन्न चुनौती तथा सम्भावनाहरूका बारेमा विस्तृत छलफल भयो, जसको केन्द्रविन्दुमा एसिया प्रशान्त क्षेत्रमा हुने दक्षिण-दक्षिण आप्रवासन रहेको थियो।सो अवसरमा अन्तर्राष्ट्रिय कानुनी र सहकार्यात्मक संरचनाहरूमा आधारित सहकार्य र साझेदारीका साथै मानवअधिकार संयन्त्रहरूबीचको सहकार्य र सामूहिक राजनीतिक प्रतिबद्धतालाई आप्रवासी श्रमिकहरूको अधिकार संरक्षणका लागि प्रभावकारी साधनका रुपमा स्वीकार गरियो।

सोही अनुरुप, राष्ट्रिय मानवअधिकार आयोग नेपाल र मानवअधिकार आयोग मलेसियाबीच कार्तिक २८ गते समझदारी पत्रमा हस्ताक्षर भएको छ। समझदारीपत्रको उद्देश्य एसियामा आप्रवासी अधिकारको संरक्षण र प्रवर्द्धन्का लागि राष्ट्रिय मानवअधिकार संस्थाहरूबीच सहकार्यसम्बन्धी सिउल मार्गदर्शन (नोभेम्बर २००८ मा सिउलमा अवलम्बन गरिएको) र आप्रवासी अधिकारसम्बन्धी राष्ट्रिय मानवअधिकार संस्थाहरूका अन्तर्राष्ट्रिय सम्मेलनका अन्य निष्कर्षहरूमा आधारित समान सहकार्य र साझेदारीको आदानप्रदानको प्रवर्द्धन् गर्नु रहेको छ। साथै, आप्रवासी श्रमिकहरूको अधिकारका सम्बन्धमा मानवअधिकारको सम्मान, संरक्षण र उपचार प्रदान गर्ने कार्यलाई पनि निरन्तरता दिइनेछ।

समझदारीपत्र देहायअनुसारका सहयोगका क्षेत्रमा विशेष केन्द्रित रहेको छ :

१. दुवै पक्षले आप्रवासी श्रमिक र तिनका परिवारहरूको अधिकारको सम्मान र संरक्षणका लागि द्विपक्षीय र क्षेत्रीय दुवैतहमा सहयोग, सहकार्य र पैरवीलाई सुदृढ गर्न राष्ट्रिय मानवअधिकार संस्थाहरूको संस्थागत सञ्जालीकरणलाई अघि बढाउने छन्।

२. दुवै पक्षले जे-जस्तो हैसियतमा रहेको भएपनि महिला आप्रवासी श्रमिकसहित आप्रवासी श्रमिकहरूको मानवअधिकारको सीमापार संयुक्त निरीक्षण र अनुगमनको सहजीकरणका लागि द्विपक्षीय र क्षेत्रीय तहमा राष्ट्रिय मानवअधिकार संस्थाहरूबीच सम्झौता हस्ताक्षर गर्नेछन्।

३. दुवै पक्षले आप्रवासी श्रमिकहरूको अधिकार उल्लङ्घनसम्बन्धी उजुरीहरूलाई सम्बन्धित देशको विद्यमान श्रम कानुन र अन्य सम्बन्धित कानुन अनुसार पर्याप्त मात्रामा सम्बोधन गर्नेछन्।

४. दुवै पक्ष आप्रवासी श्रमिकहरूको अधिकार संरक्षण गर्ने ; रोजगारदाता, श्रमिक र अन्य सम्बन्धित सबैलाई आप्रवासी श्रमिकहरूको अधिकारका बारेमा शिक्षित गर्ने ; र आप्रवासी श्रमिकहरूका लागि तालिम, प्राविधिक सहयोग र कानुनी सहायताको व्यवस्था गर्ने कार्यमा संलग्न हुनेछन्।

५. दुवै पक्ष आ-आफ्ना कार्यादेश अनुरुप मलेसिया र नेपालमा हुने सीमापार मानव बेचबिखन, आप्रवासीहरूको ओसारप्रसार र बलजफ्ती श्रम निवारण गर्न र मानव बेचबिखन तथा बलजफ्ती श्रमका पीडितहरूको पहिचान कार्यलाई सहयोग तथा सहजीकरण गर्नमा सम्बन्धित सरकारसँग सहकार्य गर्न सहमत छन्।

६. दुवै पक्ष आप्रवासी श्रमिकहरूको अवस्थामा सुधार ल्याउँदै उनीहरूको अधिकार प्राप्तिका लागि सहयोग गर्न सम्बन्धित मन्त्रालय, विभाग, कुटनीतिक नियोग, निकाय र संस्थाहरूसँग साझेदारी गर्न सहमत छन्।

७. दुवै पक्षबीच नीतिगत मुद्दाहरूमा छलफल गर्न हरेक छ महिनामा बैठक हुनेछ र सूचनाको आदान प्रदान गर्न र साझा क्रियाकलापहरूबारे संयोजन गर्नमा सम्पर्क व्यक्तिका रुपमा काम गर्न दुवै राष्ट्रिय मानवअधिकार आयोगहरूमा एक जना सम्पर्क व्यक्ति (फोकल पयन्ट)को नियुक्त गरिनेछ।


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission, Nepal

केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


**Memorandum of Understanding (MOU) between the National Human Rights Commission of Nepal (NHRCN) and the Human Rights Commission of Malaysia (SUHAKAM)**

**An Information Note**

The International Conference on Protection of Rights of the Migrant Workers held under the auspices of National Human Rights Commission of Nepal on 12-14 November 2019 in Kathmandu produced an outcome document in the form of Kathmandu Declaration, 2019. The conference held extensive discussion on various challenges and prospects for protecting rights of the migrant workers through all stages of the migration process, particularly focusing on the situation obtaining in South–South migration in the Asia-Pacific Region. Cooperation and partnerships based on international legal and cooperative frameworks as well as synergy between human rights mechanisms and joint political commitments were deemed effective tools for protection of migrant workers' rights. In pursuant of it, the National Human Rights Commission of Nepal (NHRCN) and the Human Rights Commission of Malaysia (SUHAKAM) has signed the memorandum of understanding (MoU) dated 14 November 2019. The MoU aims to promote on equal cooperation and exchange between the Parties based on the Seoul Guidelines on the Cooperation of National Human Rights Institutions for the Promotion and Protection of Migrant Rights in Asia (Adopted in Seoul, November 2008) and other outcomes of NHRIs' international conferences on rights of the migrant workers. Furthermore, it also continue to enhance the respect, protect and remedy in relation to rights of migrant workers.

The MoU exclusively focuses on the following areas of cooperation:

1. The Parties shall enhance institutionalized networking of NHRIs both at the bilateral and regional levels, to strengthen cooperation, collaboration and advocacy for respect and protection of rights of the migrant workers and their families.

2. The Parties shall consider signing agreements between NHRIs at the bilateral and regional levels for facilitating joint cross-border oversight and monitoring of human rights of migrant workers, including women migrant workers, irrespective of their status.

3. The Parties shall adequately respond to complaints relating to rights of the migrant workers according to prevailing labour laws and other relevant laws of each State.

4. The Parties shall engage to protect the rights of the migrant workers; to educate employers, workers and other appropriate persons on rights of migrant workers; and to facilitate provision of training, technical assistance, and legal assistance to migrant workers.

5. The Parties agreed to work within their mandate to prevent cross border human trafficking, migrant smuggling and forced labour in Malaysia and Nepal, and work collaboratively with the respective governments to assist and facilitate the identification of victims of human trafficking and forced labour.

6. The Parties agreed to work in partnership with the relevant ministries, departments, diplomatic missions, agencies and organisations in order to improve migrant workers' conditions and to support them in pursuing their rights.

ठ The Parties will meet every six months to discuss policy issues and will nominate focal points at both NHRIs to act as conduits of information sharing and to coordinate joint activities.


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org